म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तनहुँ
२०७३
गण्डकी प्रदेश, नेपाल

म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छाङ, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

पत्र संख्या : २०७८/०७९
चलानी नं. : १८०६
मिति : २०७९/०१/१६

विषयः लिखित जवाफ सहित छलफलमा उपस्थित हुनुहुन।

श्री आकृती एडभर्टाईजिङ्ग,
विराटनगर।

प्रस्तुत विषयमा यस म्याग्दे गाउँपालिका, वडा नं. ६ स्थित रिखनारायण श्रेष्ठ भनिने रित बहादुर क्षेत्री र राजेन्द्र अधिकारीको जमिनमा रहेको टाटा मोटर्सको रंगिन विज्ञापन आकृती एडभर्टाईजिङ्ग र कर्मचारी डिक खडका लगायतले च्याती नष्ट गरेको कारण प्रचार प्रचार सामाग्रीमा क्षति भएकाले क्षतिपूर्ति सहित सम्पतिको सूरक्षाको आवश्यक ब्यवस्था गरिपाउँ भनि यस कार्यालयमा मिति २०७९/०१/१४ मा उजुरी निवेदन पेश हुन आएको हुँदा कार्यालयको २०७९/०१/१६ को निर्णय समेतका आधारमा सो सम्वन्धमा के कसो भएको हो खुलाई लिखित जवाफ सहित आधिकारीक प्रतिनिधि मिति २०७९/०१/२२ गतेका दिनको १२ वजे यस कार्यालयमा छलफलका लागि अनिवार्य उपस्थित हुनुहुन निवेदनको छाँयाकपी यसैसाथ संलग्न गरि पठाईएको ब्यहोरा जानकारी गराईन्छ।

२०७९/०१/१६

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
श्री परिचय एडभर्टाईजिङ्ग प्रा. लि., पोखरा- एक जना आधिकारीक प्रतिनिधि पत्र सहित छलफलमा उपस्थित हुनुहुन। (समग्र विषयको जानकारी र पत्र website मा राखीएको छ)
श्री जिल्ला प्रशासन कार्यालय, तनहुँ।
श्री जिल्ला प्रहरी कार्यालय, तनहुँ।

PARICHAY™ ADVERTISING
Newroad-8, Pokhara
Tel:061-578363, 582221
advertising.parichay@gmail.com

म्याग्दे गाउँपालिका, तनहुँ
दर्ता नं: १३५६
मिति: २०७९/०१/१४

*उजुरी निवेदन*

PARICHAY ADVERTISING Pvt. Ltd.

मिति: २०७९/०१/१४

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
छाङ तनहुँ, गण्डकी प्रदेश नेपाल

**विषयः कानुन बमोजिम कारवाही गरी क्षतिपूर्ति उपलब्ध गराइदिने सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा परिचय एड्भर्टाइलिङ प्रा.लि. नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा (दर्ता नं. १८८२७२/०७४/०७५) दर्ता भई, नेपाल सरकार अर्थमन्त्रालय आन्तरिक राजश्व विभाग अन्तर्गत स्थायी लेखा नम्बर (६०६७२५०५३) मा आवद्ध रही विगत एक दशकदेखि विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाई उद्योगी व्यावसायीको वस्तु तथा सेवाको प्रचारप्रसार सामाग्री उपभोक्ता समक्ष पुऱ्याइ व्यावसायिक मर्यादामा सञ्चालित राष्ट्रियस्तरको कम्पनी हो । कम्पनीले राज्यलाई तिर्नुपर्ने राजश्व बुझाइ कर चुक्ताको प्रमाणपत्र नियमित लिनुका साथै कम्पनी अध्यावधि गराइरहेको महोदयमा सहर्ष अवगत गराउन चाहान्छु ।

कम्पनीले म्याग्दे गाउँपालिका वडा नं. ६ का रिखनारायण श्रेष्ठ भनिने रित बहादुर क्षेत्री र राजेन्द्र अधिकारीको जमिनमा होर्डिङबोर्ड राख्ने प्रयोजनका निम्ति संझौता गरी म्याग्दे गाउँ पालिकाको कार्यालय छाङमा वार्षिक घरबहाल कर दाखिला गरी अनुमतिका लागि निवेदन दिइ (जो तामेलीमा रहेको छ) होर्डिङ्बोर्ड मार्फत् उद्योगी व्यावसायीको विज्ञापन सामाग्री राखेको जानाकारी गराउन चाहान्छु ।

नेपालको संविधान २०७२ बमोजिम सङ्घीय संसदले बनाएको, नेपाल सरकारद्वारा प्रकाशित **राजपत्र भाग २ मा विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन खण्ड (६९) अतिरिक्ताङ्कको परिच्छेद २ को दफा ४** बमोजिम प्रचारप्रसार सामाग्री होर्डिङ बोर्डबाट विज्ञापन गर्ने अनुमतिपत्र लिनु पर्ने व्यवस्था बमोजिम साथै विज्ञापन नियमन गर्ने ऐन,२०७६, विज्ञापन नियमन गर्ने नियमावली, २०७७ र विज्ञापन आचारसंहिता २०७८ को मर्म बमोजिम यस कम्पनीले विज्ञापन सामाग्री राखेको हो ।

यहि मिति २०७९ वैशाख १२ गते सोमबार बेलुका ६ बजे **आकृति एड्भर्टाइजिङ विराटनगरका कर्मचारी डिक खड्का (सम्पर्क नं. ९८५१०९१६०९)** लगायतको जमातले माथि उल्लेखित जग्गाधनीको जग्गामा अवस्थित २०×८० वर्ग फिटको होर्डिङबोर्डमा राखिएको टाटा मोटर्सको रंगिन विज्ञापन सामाग्री च्यातेर नष्ट गरेको हुँदा उक्त आकृति एड्भर्टाइलिङ र कर्मचारी डिक खड्का लगायतको हुल्याह जमातलाई अविलम्व कानुन बमोजिम कारवाही गरी नष्ट गरिएको प्रचारप्रसार सामाग्रीको क्षतिपूर्ति भराइदिने र व्यवासायीको सम्पत्ती सुरक्षाको आवश्यक व्यवस्थाका लागि महोदयमा यो उजुरी निवदेन पेश गरेको छु ।

निवेदक
सोभित बस्याल
प्रबन्ध निर्देशक सम्पर्क नं. ९८५६०-३१०५२
परिचय एड्भर्टाइजिङ प्रा.लि. पोखरा

PARICHAY ADVERTISING Pvt. Ltd.